मिति : २०८२।१२।०५

समय : बिहान ११:०० बजे

स्थान: गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार

आज मिति २०८२।१२।०५ गते बिहिबार गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज बरालज्यूको अध्यक्षतामा गोलन्जोर गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावबहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति:**

| | |
|---|---|
| १. श्री शंकर राज बराल | गाउँपालिका अध्यक्ष |
| २. श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३. श्री रेगन राज थापा | गाउँपालिका प्रवक्ता |
| ४. श्री सोम प्रसाद बराल | कार्यपालिका सदस्य |
| ५. श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ६. श्री कृष्ण प्रसाद पोखरेल | कार्यपालिका सदस्य |
| ७. श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ८. श्री गोबिन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ९. श्री रबिन कुमार श्रेष्ठ | कार्यपालिका सदस्य |
| १०. श्री सम्झना पोखेल | कार्यपालिका सदस्य |
| ११. श्री सम्बर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२. श्री उर्बशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३. श्री अम्मरदिप बि क | कार्यपालिका सदस्य |
| १४. श्री शान्ता बि क | कार्यपालिका सदस्य |
| १५. श्री खरिमाया आले पुर्वछाने | कार्यपालिका सदस्य |
| ~~१६. श्री मान बहादुर बराल~~ | प्रमुख प्रशासकीय अधिकृत |

**अन्य उपस्थिति**

| | |
|---|---|
| सरद प्याकुरेल | प्रशासन शाखा |
| | IT officer |

## बैठकका प्रस्तावहरु

१) गरिव परिवार पहिचान कार्यक्रम सम्बन्धमा।

२) दलित समुदाय लक्षित आय आर्जन र जिविको पार्जन कार्यक्रम सम्बन्धमा ।

३) गाउँसभाको बैठक सम्बन्धमा ।

४) गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) कार्यान्वयन सम्बन्धमा ।

५) गाउँ शिक्षा योजना अद्यावधिक सम्बन्धमा ।

६) दहत्तर बहत्तर कर संकलन सम्बन्धमा ।

७) ऐन/कानून/कार्यविधि/निर्देशिका निर्माण तथा संशोधन सम्बन्धमा ।

८) राष्ट्रिय रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

९) विद्यालयको दरबन्दी मिलान सम्बन्धमा ।

१०) अन्य विविध ।

## बैठकका निर्णयहरु

**निर्णय नं. १ गरिब परिवार पहिचान कार्यक्रम सम्बन्धमा।**

प्रस्ताव नं १ गरिब परिवार पहिचान कार्यक्रम सम्बन्धमा छलफल गर्दा भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालय गरिब पहिचान तथा मापदण्ड शाखा को प. सं.०८२/०८३ च. नं. ६५ मिति २०८२।११।०८ को पत्रबाट प्राप्त व्यहोरा बमोजिम गरिब परिवार पहिचान गर्न परिवारको तथ्याङ्क संकलन सम्बन्धि मापदण्ड अनुसार तथ्याङ्क संकलनको कार्यक्रम शुरु गर्ने निर्णय गरियो ।साथै गरिब परिवार पहिचानको मार्गदर्शनमा उल्लेखित गणकहरुको योग्यता तोकिएको मापदण्ड अनुरुप प्रत्येक वडाबाट १।१ जना माग गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो कार्यक्रम कार्यान्वयनको क्रममा बजेट अभाव भएमा गाउँपालिकाले व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ दलित समुदाय लक्षित आय आर्जन र जिविको पार्जन कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. २प्रदेश स्तरिय कार्यक्रम अन्तर्गत दलित समुदाय लक्षित आय आर्जन र जिविको पार्जन कार्यक्रम सम्बन्धमा छलफल गर्दा बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष देखि सञ्चालन गर्न लागेको लक्षित वर्ग आय आर्जन र जिविको पार्जन कार्यक्रम गोलन्जोर गाउँपालिकाको सबै  वडाहरुमा सूचना प्रकाशन गरी दलित समुदायको मागको आधारमा सीप विकास तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ गाउँसभाको बैठक सम्बन्धमा ।**

प्रस्ताव नं. ३ गाउँसभाको बैठक सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकाको १८ औं गाउँसभाको बैठक मिति २०८२।१२।१० गते मंगरबार बिहान ११:०० बजेको लागि आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ विद्यालय समायोजन सम्वन्धमा ।**

प्रस्ताव नं. ४ विद्यालय समायोजन सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकामा रहेका सामुदायिक विद्यालयलाई भुगोल र विद्यार्थी संख्याको आधारमा विद्यालय समायोजन गर्न शिक्षा शाखाले १५ दिन भित्र गोलन्जोर गाउँपालिका विद्यालय समायोजन सम्बन्धी कार्यविधि निर्माण गर्ने र सो कार्यविधिको आधारमा शिक्षा शाखाले सम्बन्धित वडा शिक्षा समितिको सिफारिसको आधारमा आगामी शैक्षिक सत्र अगावै समायोजन हुने विद्यालयको विवरण सहित प्रतिवेदन पेश गर्ने र सो प्रतिवेदनको आधारमा गाउँ कार्यपालिकाको बैठकले विद्यालय समायोजनको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५ गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) कार्यान्वयन सम्बन्धमा ।**

प्रस्ताव नं. ५ गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) कार्यान्वयन सम्बन्धमा छलफल गर्दा चालु आर्थिक वर्षको नयाँ उद्यमी सिर्जना सम्वन्धी कार्यक्रम गोलन्जोर गाउँपालिका वडा नं. ७ मा सहभागितात्मक लेखाजोखा कार्यक्रम मार्फत लक्षित समुदायले माग गरे बमोजिमको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ गाउँ शिक्षा योजना अद्यावधिक सम्बन्धमा ।**

प्रस्ताव नं. ६ गाउँ शिक्षा योजना अद्यावधिक सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकाले आ.व. २०८१।०८२ मा निर्माण भएको गाउँ शिक्षा योजना गाउँ शिक्षा योजना मार्गदर्शन,२०८० बमोजिम समय सापेक्ष र वस्तुनिष्ठ बनाउन आवश्यक्ता अनुसार अद्यावधिक गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ दहत्तर बहत्तर कर संकलन सम्बन्धमा ।**

प्रस्ताव नं. ७ दहत्तर बहत्तर कर सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकाले चालु आर्थिक वर्ष ०८२।०८३ मा पटक–पटक दहत्तर बहत्तर आन्तरिक आय संकलनको लागि प्रारम्भिक वातावरणिय प्रतिवेदन बमोजिम एकमुस्ट र छुट्टाछुट्टै खोला तथा नदीहरुको ठेक्का आव्हान गरेकोमा ठेक्का लाग्न नसकेकोले गोलन्जोर गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने संघीय, प्रदेश र स्थानीय सरकार

CamScanner

मार्फत सञ्चालन हुने विकास निर्माण लगायत अन्य निर्माण कार्यको लागि प्राविधिक इस्टिमेट/कार्यस्वीकार प्रतिवेदनको आधारमा प्राविधिकले नापजाँच गरी तोकिदिएको क्षेत्रबाट नदीजन्य पदार्थ संकलन गर्ने गरी गाउँपालिकाको राजश्व परामर्श समितिको २०८२।१२।०५ गते बिहान ९ बजेको बैठकको निर्णयानुसार प्रति घन फिट रु.७ का दरले राजश्व शाखामा कर तिरि उत्खन्न गरी प्रयोग गर्न दिने तथा गाउँपालिकामा कर नतिरि निर्माण कार्य सञ्चालन गरेको पाइएमा गाउँपालिका प्रहरी परिचालन गरी नियमानुसार कर संकलन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ ऐन/कानून/कार्यविधि/निर्देशिका निर्माण तथा संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ८ ऐन/कानून/कार्यविधि/निर्देशिका निर्माण तथा संशोधन सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकामा कार्यान्वयनमा रहेका तपसिल बमोजिमका कानूनहरु संशोधन र गाउँपालिकाको लागि आवश्यक तपसिल बमोजिमका अन्य कानूनहरु सम्बन्धित समिति मार्फत छलफल गरी आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल:

१. नयाँ कानूनहरु

| क्र. सं. | कानूनको नाम | कैफियत |
|---|---|---|
| १ | गोलन्जोर गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८२ | |
| २ | कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८२ | |
| ३ | गोलन्जोर गाउँपालिका अन्तगतका करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि,२०८२ | |
| ४ | गोलन्जोर गाउँपालिकाको वेरुजु फर्छ्यौट कार्यविधि, २०८२ | |
| ५ | गोलन्जोर गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०८२ | |
| ६ | गोलन्जोर गाउँपालिकाको फोहोरमैला व्यवस्थापन तथा सरसफाई कार्यविधि, २०८२ | |
| ७ | गोलन्जोर गाउँपालिकाको पशु विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि, २०८२ | |

२.संशोधन गर्नुपर्ने कानूनहरु

| क्र. सं. | कानूनको नाम | कैफियत |
|---|---|---|
| १ | गोलन्जोर गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरणसम्बन्धी कार्यविधि, २०७४ | |
| २ | गोलन्जोर गाउँपालिकाको उपभोक्ता समिति गठा सम्बन्धि कार्यविधि,२०७४ | |
| ३ | गोलन्जोर गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८० | |
| ४ | गोलन्जोर आधारभुत अस्पताल सञ्चालन तथा व्यवस्थापन सञ्चालन कार्यविधि, २०८२ | |

CamScanner

**निर्णय नं. ९ राष्ट्रिय रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

प्रस्ताव नं. ९ राष्ट्रिय रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष २०८२।०८३ को लागि संघीय सशर्त शिर्षकबाट प्राप्त बजेट र स्थानीय सरकारबाट बिनियोजित बजेट कार्यान्वयन गर्ने सन्दर्भमा दुबै शिर्षकमा विनियोजित बजेट कार्यान्वयनको लागि एउटै उपभोक्ता समिति मार्फत संघ सरकारको ज्यालामा र स्थानीय सरकारको मेटेरियल्समा खर्च गर्ने निर्णय गरियो साथै स्थानीय सरकारबाट बिनियोजित बजेटको सन्दर्भमा कन्टिजेन्सी र अन्य कर नियमानुसार काट्न सकिने निर्णय गरियो।

**निर्णय नं. १० विद्यालयको दरबन्दी मिलान सम्बन्धमा ।**

प्रस्ताव नं. १० विद्यालयको दरबन्दी मिलान सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिका वडा नं. २ मा रहेको सिद्धेश्वरी प्रा वि थाक्लेमा रहेको प्राथमिक तह तृतिय श्रेणीको (पवन भुर्तेलको सरुवा पछी रिक्त रहेको) दरबन्दी गोलन्जोर गाउँपालिका वडा नं. २ स्थित बाल मा वि शुलिभन्ज्याङ्गमा सार्ने निर्णय गरियो ।

**निर्णय नं. ११** अन्य विविध विषयमा छलफल गर्दा गोलन्जोर गाउँपालिका वडा नं. ५ स्थित सोलाभन्ज्याङ्गमा रहेको व्यवसायिक सर्टरको कर सकंलन सन्दर्भमा मिति २०८२।१२।०५ गते बसेको राजश्व परामर्श समितिले सिफारिस गरे बमोजिम प्रति सर्टर मु अ क बाहेक रु.७७००।(अक्षरेपी रु सात हजार सात सय मात्र) राजश्व शाखामा बुझाई प्रयोग गर्न दिने तथापि गाउँपालिकामा राजश्व नतिरि सर्टर प्रयोग गरेको पाइएमा गाउँपालिका प्रहरी परिचालन गरी कानून अनुसार गर्ने निर्णय गरियो ।

CamScanner